परिच्छेद

३

## ३.१ राज्य र मानव अधिकार

# न्यायपालिका

मौलिक हक: प्रचलन र आदेशहरू

न्यायपालिका र कार्यपालिकाबिचको असमाञ्जस्य

न्यायपालिका र विधायिकाबिच तनाव

प्रधानन्यायाधीश, न्यायाधीश नियुक्ति प्रकृया र न्यायालयको जनआस्था

पारिवारिक अदालतको स्थापना

न्यायालयको कार्य सम्पादन

सवैधानिक मुद्दा तथा रिट

फैसलाको पूर्णपाठसम्बन्धी व्यवस्था: लेखन तथा तयारीको अवस्था

**१. परिचय**

सन् २०२३ मा सर्वोच्च, उच्च र जिल्ला अदालतहरूबाट भएका केही फैसला र अन्तरिम आदेशले थोरै भए पनि न्यायप्रति जनताको आशा जगाउने कार्य गरे। न्यायालयको नेतृत्व लामो समय कायम-मुकायम प्रधानन्यायाधीशका भरमा रहन गएका अवस्थाले सुदृढ न्यायपालिकीय नेतृत्वको अक्षुण्णता कायम नगर्ने कार्यपालिकाको मनसायलाई इङ्गित गऱ्यो। न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिका बीचको शक्ति सन्तुलन धरमराउँदा तीनै क्षेत्रले अपेक्षा अनुसार कार्य गर्न सक्दैनन्। तर, कार्यपालिकाले न्यायालयलाई नजरअन्दाज गरेका केही उदाहरणहरू यस वर्ष पनि उल्लेख्य रहे। सर्वोच्च अदालतका केही आदेश/फैसलाहरूले सरकारको स्वेच्छाचारितामा अङ्कुश लगाउने कार्य गरे भने मानव अधिकारका संरक्षण तथा परिपूर्तिका विषय सामेल रहेका तथा नागरिकका मौलिक हकको प्रचलनको माग गर्दै परेका रिट निवेदनले सुनुवाइको पालै पाएनन्। देशभरका अदालतहरूमा मुद्दाको चापअनुसार न्यायाधीशको व्यवस्था समयमै नहुँदा मुद्दाको चाप अदालतहरूमा बढेको बढ्यै भए।

आममाफी तथा मुद्दा फिर्ता र कोशी प्रदेश सरकार गठनसम्बन्धी मुद्दामा भएका आदेशहरू दूरगामी प्रभाव पार्ने किसिमका भए। केही मुद्दामा न्यायिक पद्धति विपरीत र छनोटपूर्वक आफ्नै नजीर विपरीत गरिएका आदेशहरूले न्यायपालिकाको निष्पक्षता, स्वच्छता र सक्षमतामै प्रश्न खडा भए। नागरिकको अभिव्यक्तिको माध्यमका रूपमा लोकप्रिय सामाजिक सञ्जाल टिकटकलाई सरकारले लगाएको बन्देजका बारेमा अदालतमा रिट परे। आमाको नाममा नागरिकता र जन्मदर्ता गर्ने आदेशले संविधानको मर्मअनुसार महिला र पुरुषमा भेदभाव कम गर्ने प्रयासहरू पनि भयो।

स्वचालित पेशी प्रणाली, असक्षम न्यायाधीशमाथि थालिएको कारबाही प्रक्रिया तथा दूरगामी महत्त्वका केही फैसलाका कारण यस वर्ष न्यायालयले केही आश जगाउने कार्य गरेको मान्न सकिन्छ।

संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने र न्याय प्रशासनको सम्पूर्ण जिम्मेवारी न्यायपालिकालाई सुम्पेको छ। संवैधानिक व्यवस्था अनुरूप नेपालको न्यायपालिकाले कानुन र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही प्रभावकारी तथा सहज, पहुँचयुक्त र जनआस्थामा आधारित न्याय प्रणाली स्थापना गर्ने दिशातर्फ आफ्ना काम कारबाहीहरू केन्द्रित गर्दै आइरहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७८/०७९ मा उल्लेख गरिएको छ (सर्वोच्च अदालत, २०७९)।

लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्थालाई न्यूनतम सर्तका रूपमा लिने गरिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा संविधान एवम् कानुनद्वारा प्रदत्त नागरिक अधिकारको उल्लङ्घन भएमा प्रत्येक व्यक्तिलाई सक्षम अदालतबाट प्रभावकारी उपचारको अधिकारको अवधारणा छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले उचित समयभित्र मुद्दाको सुनुवाइको व्यवस्था सुनिश्चित गरेको छ। संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई संविधानको आधारभूत संरचनाको रूपमा आत्मसात गर्दै संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने व्यवस्था छ।

यसवर्ष, कायममुकायम प्रधानन्यायाधीशको कार्यसम्पादन, प्रधानन्यायाधीशको नियुक्तिमा गरिएको ढिलाइ, नाबालिका बलात्कार घटना आरोपसम्बन्धमा भएका फैसला र आदेश, व्यक्ति हत्याको आरोपमा सजाय पाएका व्यक्तिहरूलाई सरकारको सिफारिसमा राष्ट्रप्रमुखले गरेको कैदमिनाहाजस्ता आदेश तथा फैसलाहरूका सन्दर्भमा न्यायालयप्रति सम्पूर्ण देशको ध्यानाकर्षण भयो।

विगत वर्षहरू झैं यस वर्ष पनि मुलुकभरका अदालतहरूको दायित्वमा रहेका धेरै मुद्दाहरू निरूपण हुन सकेनन्। सर्वोच्च अदालतको तथ्याङ्कमा २०७८/०७९ मा देशभरिका सबै अदालतको दायित्वमा रहेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन, विशेष प्रकृतिका निवेदनको सङ्ख्या ४ लाख २ सय ८६ थियो। सोमध्ये ३३.५५ प्रतिशत अर्थात १ लाख ६४ हजार ७ सय ६२ थान मुद्दाको अन्तिम सुनुवाइ हुन बाँकी रहेको अवस्था छ। फैसला कार्यान्वयनको अवस्था पनि विगतका वर्षझैं यस वर्ष पनि निराशाजनक रह्यो।

यो आलेखमा २०७९ पुस १६ देखि २०८० पुस १५ को अवधिमा न्यायालयबाट भएका केही उल्लेख्य कार्यहरू समेट्ने प्रयास गरिएको छ।

## २. मौलिक हकको प्रचलनका सम्बन्धमा फैसला र आदेश

मौलिक हकलाई हकहरूमा सबैभन्दा उच्चकोटीको हकको रूपमा लिइन्छ। मौलिक हक हनन् भएको अवस्थामा सिधै अदालतमा रिटमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था संविधानमा नै गरिएको हुनाले मौलिक हकलाई यसरी सबैभन्दा उच्चकोटीमा राख्ने गरिएको हो। यदि हक अधिकार उल्लङ्घन भएको अवस्थामा सुरु अदालतदेखि नै कानुनी उपचार खोज्दै आउने हो भने यसले तत्कालै उपचार नपाए हुन जाने अपूरणीय क्षतिले नागरिकको जिन्दगी नै बर्बाद हुन सक्ने हुनाले रिटमार्फत मौलिक हकको संरक्षण गर्न यस प्रकारको विशिष्ट व्यवस्था अपनाइएको हुन्छ। यो अवधिमा सर्वोच्च, उच्च तथा जिल्ला अदालतले मौलिक हक कार्यान्वयन र संरक्षणका लागि गरेका निर्णय, फैसला र आदेशहरूमध्ये प्रतिनिधिमूलक विषयहरूको विश्लेषण यस आलेखमा गरिएको छ।

### २.१ सम्मानपूर्वक बाँच्न पाउने हक

नेपालको संविधानको धारा १६ (१) मा प्रत्येक नागरिकका लागि सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरिएको छ। तर, २०८० साउन १२ गते देशका विभिन्न २९ ओटा विमानस्थलमा हवाइ दुर्घटना रोक्ने नाममा नागरिक उड्डयन प्राधिकरणले गरेको दिउँसो साढे १२ बजेपछि हवाइ उडानमा रोक लगाउने निर्णयका कारण एक नाबालकको उपचार अभावमा मृत्यु भयो। प्राधिकरणको सोही निर्णयका कारण हुम्लामा ६ महिने नाबालकको मृत्यु भएको भन्दै परेको मुद्दामा पाटन उच्च अदालतले २०८० भदौ १९ गते प्राधिकरणका नाममा कारण देखाउ आदेश जारी गऱ्यो। रिटमा प्राधिकरणको निर्णयको कारणले हुम्लामा उडान हुन नसक्दा ६ महिने बालकको ज्यान गएको उल्लेख थियो (सर्वोच्च अदालत, २०८०)। हवाइयात्रामात्र विकल्प रहेका जिल्लाहरूका लागि प्राधिकरणले गरेको निर्णय अव्यवहारिक थियो। अदालतको आदेशपछि प्राधिकरणले सो प्रतिबन्ध हटायो।

क्षमताभन्दा बढी कैदीबन्दी राखिनु र आधारभूत मानव अधिकारको उपभोग गर्नबाट कारागारका कैदीबन्दी विमुख हुनुपर्ने अवस्था देशभरका कारागारमा रहेको छ। यसै सन्दर्भमा मोरङ जिल्ला कारागारका कैदीबन्दीको आधारभूत मानव अधिकार सम्बन्धमा इन्सेकले उच्च अदालत, विराटनगरमा दायर गरेको सार्वजनिक सरोकारको मुद्दाको सुनवाइ गर्दै अदालतले २०८० असार २१ गते जारी गरेको परमादेशमा 'कारागारका कैदीबन्दीहरूको मानव अधिकार संरक्षण गर्ने, गराउने उद्देश्यले निवेदन दायर भएको र विषयवस्तुको प्रकृतिबाटै मानवीय संवेदनशीलता जोडिएको हुँदा प्रस्तुत मुद्दालाई अग्राधिकार दिई १५ दिनभित्र नियमानुसार पेश गर्नु' भनी आदेश दियो (पूर्ववत्)। यो आदेशले नीति तथा कार्यक्रममा प्राथमिकतामा परेको तर, सुधारका लागि केही पनि पहल नगरिएको तथा उपेक्षित क्षेत्रका रूपमा रहेको कारागार सुधारको विषयमा सरकारलाई झक्झक्याउने अपेक्षा गरिएको छ।

### २.२ स्वतन्त्रताको हक

संविधानको धारा १७ (२) मा प्रत्येक नागरिकलाई आवश्यक विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, मुलुकभित्र आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र रोजगार जस्ता स्वतन्त्रताहरू यस धारामा व्यवस्था गरिएको छ। यो हकको विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद्को कात्तिक २७ गतेको बैठकले सामाजिक सञ्जाल टिकटक बन्द गर्ने निर्णय गऱ्यो। सामाजिक सद्भाव बिगार्न टिकटकको उपयोग गरिएको भन्दै बन्द गर्ने निर्णय गरेको थियो। यस निर्णय विरुद्ध परेको रिटमा सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको २०८० मङ्सिर ५ गतेको इजलासले टिकटक बन्द गर्नुको कारण देखाऊ आदेश गरेको (पूर्ववत्)। रिटको फैसला भइनसके पनि नागरिकको सूचनाको हक र बिना आधार लोकप्रिय सञ्चार माध्यमलाई प्रतिबन्ध लगाउनु अघि सरोकारवालाहरूसँग छलफल गर्न सरकारलाई सचेत हुन मद्दत पुगेको छ।

### २.३ समानताको हक

संविधानको धारा १८ (१) मा 'सबै नागरिक कानुनको दृष्टिमा समान हुने कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन' त्यसैगरी १८ (२) मा 'सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन' उल्लेख छ। मुलुकभर वैवाहिक समानताका पक्षमा तर्क गरिरहेको एक मुद्दामाथि विचार गर्दै नेपालको सर्वोच्च अदालतले

०८० असार १३ गते समलिङ्गी विवाह दर्ता गर्न अन्तरिम आदेश दियो (अनलाइन खबर, २०८०)।

नेपालको मुलुकी देवानी संहिताले पुरुष र महिलाबिचको विवाहलाई मात्र मान्यता दिएको छ। संसदले कानुन संशोधन नगरेसम्म गैर-परम्परागत विवाहहरूको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने व्यवस्था गर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिँदै यस अवस्थामा सुधार ल्याउने प्रयास गरेको छ। यो आदेशपछि कैलाली जिल्लाको कैलारी गाउँपालिका-८ का प्रकाश चौधरी र दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका-१ का मलिना न्यौपानेको विवाह भएको चार वर्षपछि गाउँपालिकामा उनीहरूको विवाह दर्ता भयो। यसैगरी, लमजुङ जिल्ला दोर्दी गाउँपालिका-२ का रामबहादुर गुरूङले नवलपरासी कावासोती नगरपालिका- ८ का सुरेन्द्र पाण्डेसँग गरेको समलिङ्गी विवाह २०८० मङ्सिर १३ गते कानुनी रूपमा दर्ता भयो (नाइट, २०८०)। गुरुङ पारलैङ्गिक महिला हुन्, जसलाई कानुनले पुरुषका रूपमा चिन्दछ। पाण्डे पनि पुरुष नै हुन्। उनीहरूले सन् २०१७ मा हिन्दू परम्पराअनुसार विवाह गरेका थिए। उनीहरूले पहिलोपटक यसै वर्षको जुन महिनामा काठमाडौं जिल्ला अदालतमा कानुनी रूपमा विवाह दर्ता गर्ने प्रयास गरेका थिए (पूर्ववत्)। निवेदन दिने व्यक्तिहरूमा एक जना पुरुष र अर्को महिला नदेखिएकोले विवाह दर्ता गर्न मिलेन भन्दै उक्त अदालतले उनीहरूको विवाह दर्ता नगरेपछि उनीहरूले गत भदौ महिनामा उच्च अदालत पाटनमा पुनरावेदन दिएका थिए। नेपालमा लामो समयदेखि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू समलिङ्गी विवाह दर्ता नहुँदा उनीहरू परिवार र सम्पत्तिको हक उपभोग गर्नबाट बञ्चित हुनुपरेको थियो। इन्सेकले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका समस्याको बारेमा अध्ययन गरी नेपाल मानव अधिकार वर्षपुस्तक २०२३ मा एक आलेख प्रकाशन गरेको थियो (यौनिक तथा अल्पसङ्ख्यक, २०२३)।

## २.४ अपराध पीडितको हक

संविधानको धारा २१ मा अपराध पीडितको हकको व्यवस्था गरिएको छ। धारा २१ को उपधारा (१) मा 'अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने' र उपधारा (२) मा 'अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्यायको हक हुने उल्लेख छ। यस व्यवस्थामा रुकुमपश्चिम जिल्ला अदालतले गरेको फैसला उल्लेख्य रह्यो। जाजरकोट जिल्ला भेरी नगरपालिका-४ का नवराज विकसहित १८ जना युवा रुकुम (पश्चिम) को चौरजहारी नगरपालिकाकी युवती लिन भनी २०७७ जेठ १० गते सोती पुग्दा सोतीका स्थानीय ५०/६० जना समूहले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज विकसहित ६ जनाको मृत्यु भएको थियो। सो घटनाको स्थलगत अध्ययन गरी इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा 'रुकुम (पश्चिम)मा भएको दलितसहित युवाहरूको सामूहिक हत्या निकृष्ट अपराध हो। कथित माथिल्लो जातकी किशोरी र कथित दलित किशोरबीचको प्रेमसम्बन्ध अन्तत: हत्याजस्तो गम्भीर अपराधका रूपमा परिणत भएको छ। यो घटनाले हाम्रो समाजमा व्याप्त विभेदको डरलाग्दो पाटोका साथै समाजमा व्याप्त जातिगत भेदभाव र विभेदको स्वरूप उजागर गरेको' उल्लेख छ (इन्सेक, २०७७)।

रूकुम पश्चिम जिल्ला अदालतले २०८० मङ्सिर १९ गते सो घटनामा संलग्न भएको आरोपमा कसुरदार ठहर गर्दै पुर्पक्षका लागि थुनामा रहेका २३ जना र तारिखमा रिहा भएका एकजनासमेत गरी २४ जनालाई जन्मकैदको फैसला सुनायो। अदालतले तारिखमा रिहा भएकी एक युवती र उनकी आमालाई जातीय छुवाछुततर्फ दुई वर्ष कैद र ५० हजार रूपियाँ जरिबानाको फैसला समेत गऱ्यो। जातीय छुवाछुतका घटनाहरू प्राय: मेलमिलापमा टुङ्गिने, पीडितले न्याय नपाउनेजस्ता धारणा परिवर्तन गर्न यो आदेशको महत्त्व नेपालको इतिहासमा लामो समयसम्म रहनेछ। भलै, कसुरदारहरूले माथिल्लो अदालतमा पुनरावेदन गर्ने ठाउँ बाँकी नै छ।

यसैवर्ष, सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई अन्तर्राष्ट्रिय कानुन र सिद्धान्त बमोजिम पीडितहरूले सत्य-तथ्यको जानकारी, न्याय र परिपूरण पाउने विषयलाई विभिन्न कारण देखाइ 'अनन्तकालसम्म अल्झाइराख्न' नमिल्ने ठहर गऱ्यो। सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्र निष्कृय भएकै आधारमा मुलुकको फौजदारी न्याय प्रक्रिया निष्प्रभावी हुन नसक्ने ठहर सर्वोच्चको आदेशमा उल्लेख छ। सर्वोच्चले सामान्य अवस्थामा न्याय खोज्न अदालत आउनेहरूलाई निषेध गर्न नहुने टिप्पणी गरेको छ। पुष्पकमल दाहालले २०७६ माघ १ गते माघीका अवसरमा टुँडिखेलमा आयोजित कार्यक्रममा 'माओवादी

द्वन्द्वकालमा १७ हजार मारिएको, तीमध्ये ५ हजार जनाको आफूले जिम्मेवारी लिने र बाँकीको हकमा राज्यले जिम्मेवारी लिनुपर्छ' भन्ने अभिव्यक्ति दिएका थिए। अभिव्यक्तिपछि उनीमाथि कारबाहीको माग गर्दै अधिवक्ता ज्ञानेन्द्र आरण, कल्याण बुढाथोकीलगायतका द्वन्द्वपीडितले प्रहरी प्रधान कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकायमा उजुरी दिएका थिए। उजुरीमाथि कारबाहीको अपेक्षा राखिएपछि प्रक्रिया अघि नबढाइएको भन्दै द्वन्द्व पीडितहरूले सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न खोजेका थिए।

सर्वोच्च प्रशासनले २०७९ कात्तिकमा दरपीठ (निवेदन दर्ता गर्न अस्वीकार) गरेको थियो। अभिव्यक्ति र सङ्क्रमणकालीन न्यायको माग गर्दै पेश भएका दुई निवेदन सर्वोच्च अदालत प्रशासनले दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको थियो। दरपीठ विरुद्धको निवेदनको सुनुवाइपछि सर्वोच्च अदालतले दुवै निवेदन दर्ता गर्न आदेश दिँदै 'पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने आदेश (दरपीठ)'लाई उल्ट्याइदिएको हो (गोरखापत्र, २०७९)।

सर्वोच्चले आदेशमा भनेको छ, 'फौजदारी न्याय प्रकृया निष्कृय, शून्य वा निष्प्रभावी अवस्थामा रहनु हुँदैन।' सङ्क्रमणकालीन न्यायमा भएको विलम्बका कारण पीडितले पाउनुपर्ने परिपूरण, क्षतिपूर्ति लगायत न्यायसम्बन्धी हक खोजेको उल्लेख गर्दै सर्वोच्च अदालतले यसअघिका नजीर, अन्तर्राष्ट्रिय कानुन र सिद्धान्त अनुसार पनि पीडितको हक कुण्ठित हुन सक्दैन। विस्तृत शान्ति सम्झौताको १६ वर्षसम्म पनि पीडितले सङ्क्रमणकालीन न्याय नपाएको भन्दै सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'राज्यले दण्डहीनतालाई प्रोत्साहन गर्ने नभएर द्वन्द्वको कारणबाट सृजित परिणामलाई न्यायिक तवरबाट मनासिव समयभित्र व्यवस्थापन गर्नु आवश्यक हुन्छ (राजधानी, २०७९।'

गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सशस्त्र द्वन्द्वका घटनाहरू सत्य निरूपण आयोगले मात्र हेर्ने भनी बेवास्ता गर्न नमिल्ने र यस्ता घटनाहरू यथाशक्य छिटो निरूपण गर्न सत्य निरूपण आयोग संवेदनशील हुनुपर्ने दबाब सिर्जना भएको छ।

जनकपुरधाम उमनपा- ९ थापाचोकमा रहेको घरमा २०८० जेठ ७ गते मृत अवस्थामा भेटिएकी आरती साहको हत्या भएको भन्दै माइतीपक्षले जाहेरी दिएपछि प्रहरीले आरतीका पति मोतीबाबु र ससुरा मदनमोहन ब्याहुत सुडीलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतले दुवै जनालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। तर, उच्च अदालत जनकपुरको आदेशमा उनीहरू साधारण तारिखमा रिहा भएका थिए। प्रहरीले नै फितलो अनुसन्धान गरी मुद्दालाई कमजोर बनाएपछि उच्च अदालतले उनका पति र ससुरालाई छोडेको माइती पक्षको आरोप छ। उनीहरू सर्वोच्च अदालत पुगेपछि आरतीका पतिलाई पुनः गिरफ्तार गरी थुनामा पठाउन आदेश जारी गऱ्यो। आदेशमा मृतकका पति मोतीबाबु साहको कर्तव्यबाट भएको रहेछ भनी विश्वास गर्नुपर्ने अवस्था देखिँदा' निजलाई पुर्पक्षको लागि साधारण तारेखमा राख्ने गरी उच्च अदालत जनकपुरबाट २०८० असोज १८ मा भएको आदेश बेरीतको देखिँदा बदर गरी मुद्दा किनारा नलागेसम्म मोतीबाबु साहलाई पुर्पक्षको लागि थुनामा राख्न २०८० मङ्सिर २० गते आदेश दियो (सर्वोच्च अदालत, २०८०)।

**२.५ स्वच्छ तथा शीघ्र न्याय**

संविधानको धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा निवारक नजरबन्दमा रहेको व्यक्तिका अवस्थाका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने प्रावधान छ। बालसुधार गृह, सानोठिमी भक्तपुरमा रहेका कालीञ्चोक १२० विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, दोलखा लगायतको मुद्दामा सर्वोच्च अदालतले २०७९ माघ ९ गते बन्दी प्रत्यक्षिकरणसम्बन्धी आदेश जारी गऱ्यो। दोलखा जिल्ला अदालतलाई मुद्दा दायर भएको मितिले १ सय २० दिनको समयावधि नाघिसकेको भए पनि मुद्दा किनारा भइनसकेको कारण र अवस्थामा उक्त मुद्दा निरन्तर सुनुवाइ हुने व्यवस्था गर्न र यथाशीघ्र किनारा गरी बालबालिका अनुकूलको न्यायको सुनिश्चितता गर्न निर्देशनात्मक आदेश गरेको थियो (पूर्ववत्)। नेपालका बाल सुधार गृहमा रहेका बालबालिकाको मुद्दाको सुनुवाइ लामो समयसम्म नहुँदा उनीहरू वयस्क हुञ्जेलसम्म सुधार गृहमै बस्नुपर्ने र यसका कारण सुधार गृहहरूको क्षमताले धान्न नसक्ने अवस्था सृजना भएको छ। क्षमता भन्दा बढी बालबालिका राखिएका कारण सुधार गृहहरू यातना केन्द्रमा परिणत हुँदै गएको घटनाक्रमले देखाएका छन्। सर्वोच्च अदालतको यो आदेशले बालबिज्याइँका मुद्दाहरूप्रति संवेदनशील हुन सरोकारवालाहरूको ध्यानाकर्षण गराएको छ।

दुई ओटा नागरिकता तथा राहदानी बनाएको

भन्ने आरोपमा अवोधलाल साह र निजको छोरा आकाशलाल साह २०७६ पुस १५ गते काठमाडौँबाट गिरफ्तार गरिएको र २०८० साल जेठ १४ गतेसम्म मुद्दा किनारा लाग्न नसकेको भनी सर्वोच्चमा परेको रिटको आदेश गर्दै अदालतले 'पक्राउ परेको मितिबाट हालसम्म रिट निवेदक थुनामा रहेको देखिएको र कानुनले पनि छिटो सुनुवाइ हुनुलाई आरोपितको हक'का रूपमा व्याख्या गऱ्यो। 'अनिश्चितकालसम्म रिट निवेदकको मुद्दाको सुनुवाइ प्रक्रिया लम्ब्याइ थुनामा राख्न नमिल्ने, ढिलो न्याय हुनुको अर्थ प्रभावकारी उपचार नहुनु अर्थात न्याय नहुनु र स्वच्छ न्यायको सिद्धान्त विपरीत पनि भएकाले तीन महिनाभित्र निर्णय गर्नू' भनी काठमाडौँ जिल्ला अदालतलाई परमादेश दियो (पूर्ववत्)।

**२.६ स्वास्थ्यसम्बन्धी हक**

संविधानको धारा ३५ (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरिएको छ। यो हकको प्रचलनका सम्बन्धमा कान्ति बाल अस्पतालको चिकित्सकीय असावधानीका कारण आठ महिनाको बालकको स्वास्थ्यमा गम्भीर असर परेको भनी सर्वोच्च अदालतमा परेको पुनरावेदन निवेदन उपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले २०७९ माघ २५ गते बालकको बुबा ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरूप कान्तिबाल अस्पतालबाट एकमुष्ट ३० लाख रुपियाँ भराउने फैसला गरेको थियो (सर्वोच्च अदालत, २०७९)। सोही मुद्दामा पाटन पुनरावेदन अदालतले २०७६ जेठ १० गते कान्ति बाल अस्पतालले क्षतिपूर्ति बापत १५ लाख रुपियाँ पीडित परिवारलाई दिनुपर्ने फैसला गरेको थियो। नेपालको संविधान प्रदत्त अधिकारको पालनामा राज्यका सबै पक्ष जिम्मेवार हुनुपर्ने र अधिकार उल्लङ्घनका घटनामा जिम्मेवार बनाउन यस आदेशको महत्त्व रहनेछ।

सुर्खेत जिल्ला चौकुने गाउँपालिका-५ रेक्चाका स्थानीय बासिन्दाले स्वच्छ खानेपानीका लागि प्रताडित हुनु परेको र पानीकै अभावका कारण विस्थापित भई बसाई सर्न बाध्य हुनु परेको भन्दै विपक्षीको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाँउ भनी परेको रिटमा उच्च अदालत सुर्खेतले २०८० साउन ३१ गते 'स्थानीय बासिन्दालाई आधारभूत मानव अधिकारको विषय रहेको खानेपानी उपलब्ध गराउन दीर्घकालीन प्रबन्ध गर्नू' चौकुने गाउँपालिकाको कार्यालय र विपक्षीहरूका नाउँमा जारी परमादेश उल्लेख छ (सर्वोच्च अदालत, २०८०)।

**२.७ खाद्यसम्बन्धी हक**

संविधानको धारा ३६ मा खाद्यसम्बन्धी हकले नागरिको हानिकारक विषादीरहित गुणस्तरीय खाद्यपदार्थको उपलब्धताको हक र धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा पाउने हकको सुनिश्चित गरेको छ। नेपालमा आयात हुने तरकारी र फलफूलमा विषादीको अवशेष परीक्षण गरेर मात्र नेपाल भित्र्याइने भनी नेपाल सरकारले २०७६ असार २ गते गरेको निर्णय कार्यान्वयन सम्बन्धमा परेको रिटमा सुनुवाइ गर्दै निणर्यमा के कति अवधिमा पूर्णरूपमा कार्यान्वयन हुने हो ? र कार्यान्वयनका लागि योजना बनेको छ छैन ? कार्यान्वयन गर्न योजना नबनाएको भए कार्यान्वयन योजना बनाई आदेशको मितिले दुई महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट प्रतिवेदन लिनु भनी २०८० वैशाख ३ गते निरन्तर परमादेश जारी गऱ्यो (पूर्ववत्)। नेपालमा तरकारी तथा फलफूल भारतबाट आयात हुने गर्छ। यसरी, आयात हुने तरकारी र फलफूलको विषादी परीक्षण नहुने र यसले जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरेको स्वास्थ्यकर्मी तथा उपभोक्ता हित अधिकारकर्मीले बताउँदै आएका छन्। सर्वोच्च अदालतको यो परमादेशपछि सीमानाकामा विषादी परीक्षण गर्न आवश्यक व्यवस्था गर्ने निर्णय सरकारले गरेको थियो।

**२.८ महिलाको हक**

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था छ। मानिसहरूकाबीचमा लिङ्ग, जातीय उद्गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकावजस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिसकिएको छ। त्यसैगरी, उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थालगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्थाले महिलालाई पुरुष सरह हरेक हक प्राप्तिमा समान बनाएको छ। आमाको नाममा नागरिकताको माग गर्दै परेको एक मुद्दामा सर्वोच्च अदालतले २०८० साउन २३ गते ललितपुर महालक्ष्मी नगरपालिका- ६ की एकल आमाले पालेको सन्तानको

जन्म दर्ता गर्न नमिल्ने दरपीठ आदेश बदर गर्दै 'मावलीमा बस्दै आएकी बालिकाको आमाको नाममात्र उल्लेख गरी जन्मदर्ता प्रमाणपत्र जारी गर्नू गराउनू' भनी महालक्ष्मी नगरपालिका-६ को कार्यालयको नाममा र रीतपूर्वक कागजात प्राप्त भएपछि निजलाई वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नू गराउनू भन्ने परमादेश आदेश नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाममा जारी गऱ्यो (पूर्ववत्)। यो फैसलाले नेपालको संविधानले लिङ्गको आधारमा नागरिकमा कुनै भेदभाव नहुने व्यवस्थाको कार्यान्वयन गर्न नेपाल सरकार र त्यस मातहतका निकायलाई बाटो खोलिदियो। नेपालमा बाबुको पहिचान हुन नसकेका आधारमा कैयौं व्यक्तिहरू नागरिकता विहीन छन्। सर्वोच्चको यो आदेशले बालिकालाई राज्यविहिन हुनबाट संरक्षण गर्ने तर्फ अग्रसर देखियो।

आमा सूचक भई जन्मदर्ता गर्न पाउँ भन्ने मुद्दामा सर्वोच्च अदालतले २०८० पुस ६ गते धादिङ जिल्लाको स्थानीय पञ्जीकरणको कार्यालय धुनिवेशी नपा-८ का नाममा अन्तरिम आदेश जारी गऱ्यो। सर्वोच्च अदालतले आफ्नो आदेशमा 'आमा सूचक भई जन्मदर्ता गर्न आएमा कानुन बमोजिम जन्म दर्ता गर्न इन्कार नगर्नू' भनी स्थानीय पञ्जीकरणको कार्यालय धुनीवेशी नपा- ८ का नाउँमा अन्तरिम आदेश जारी गऱ्यो (पूर्ववत्)। यो आदेशले बाबुको अनुपस्थिति वा नीजको अस्वीकार्यताको अवस्थामा पनि कुनै पनि बालबालिकाको जन्मदर्ता रोक्न नपाइने नजीर स्थापना भएको छ।

काठमाडौं जिल्ला अदालतले पुस १३ गते गरेको फैसलामा बलात्कार मुद्दामा क्रिकेटर सन्दीप लामिछानेलाई दोषी ठहर गऱ्यो। सोही अदालतको पुस २५ गतेको आदेशमा उनलाई आठवर्ष कैदको सजाय सुनायो (काफ्ले, २०८०)। यसअघि नाबालिग बलात्कार आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेलाई धरौटीमा छाड्ने पाटन उच्च अदालतको फैसलाको कैफियत प्रतिवेदन झिकाउन सर्वोच्च अदालतले २०७९ माघ १९ मा आदेश दिएको थियो। लामिछानेमाथि २०७९ भदौ ५ गते नाबालिग बलात्कारको अभियोग लागेको थियो। काठमाडौं जिल्ला अदालतले कात्तिक १८ मा थुनामा पठाउने आदेश गरेकोमा पाटन उच्च अदालतले पुस २८ मा २० लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गरेको थियो।

इस्लाम सम्प्रदायको तलाक प्रथा अपनाएर सम्बन्धविच्छेद भएको भनी दोस्रो विवाह गर्नेविरुद्ध परेको मुद्दामा सर्वोच्च अदालतले तलाक प्रथालाई 'औपचारिक रूपमा सम्बन्धविच्छेद' मान्न नमिल्ने फैसला गरेको छ। सर्वोच्च अदालतले २०७९ चैत २६ गते गरेको एक फैसलामा 'इस्लाम सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्धबिच्छेदसम्बन्धी प्रचलन प्रचलित नेपाल कानुनले मान्यता प्रदान नगरी सबै समुदाय र सम्प्रदायलाई लागु हुने एकीकृत कानुन प्रचलनमा रहेकाले स्वेच्छाचारी प्रकृतिका सम्बन्धबिच्छेद जस्तै तलाकलाई कानुनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट भएको नमिल्ने' उल्लेख गऱ्यो (सर्वोच्च अदालत २०७९)। यो फैसलाले कतिपय धार्मिक समुदायका कुसंस्कारको अवशेषका रूपमा रहेका प्रथाहरू मुलुकको मूलकानुन विपरीत हुन नसक्ने कुरा स्थापित गरेको छ।

### २.९ बालबालिकाको हक

संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था छ। सोही धाराको उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भन्ने उल्लेख छ। नाबालिका बलात्कार आरोपमा थुनामा रहेका पूर्णविक्रम शाह (पल शाह) लाई थुनामुक्त गर्ने उच्च अदालतको आदेश विपरीत २०८० मङ्सिर २२ गते सर्वोच्च अदालतले सो मुद्दा 'दोहोऱ्याएर हेर्नू' भनी आदेश गऱ्यो। उच्च अदालत, पोखराको फैसलामा प्रमाणको मूल्याङ्कन राम्रोसँग नगरेको, कानुनहरूको व्याख्या त्रुटिपूर्ण तरिकाले गरेको र नाबालिग बलात्कारका मुद्दामा सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तको प्रतिकूल हुने गरी सफाइ दिएको भन्दै दोहोऱ्याएर हेर्न लागेको फैसलामा उल्लेख छ (सर्वोच्च अदालत, २०८०)। पीडित बालिका नाबालिक रहेको पुष्टि भएको अवस्था र संविधानको अन्तिम व्याख्याताका रूपमा रहेको सर्वोच्च अदालतले प्रतिपादन गरेको सिद्धान्त विपरीत पोखरा उच्च अदालतले आरोपितको पक्षमा गरेको फैसलाप्रति प्रश्न उठेको छ।

### २.१० निवारक नजरबन्द विरुद्धको हक सम्बन्धमा

संविधानको धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा निवारक नजरबन्दमा रहेको व्यक्तिका

अवस्थाका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने प्रावधान गरिएको छ। बन्दीप्रत्यक्षीकरण जस्तो संवेदनशील मुद्दामा परेको रिटहरू पनि सबै सुनुवाइ हुन सकेन। तीन तहका अदालतहरूमा परेको ५ सय ५७ रिटमध्ये ४ सय ८५ रिटमामात्र सुनुवाइ भयो।

**तालिका ३.१.१: बन्दी प्रत्यक्षीकरणका रिटहरूको अवस्था**

| अदालत | दायर मुद्दा/रिट | फैसला | फैसला प्रतिशत |
|---|---|---|---|
| सर्वोच्च | ३२५ | २८६ | ८८ |
| उच्च | १९२ | १८२ | ९४.७९ |
| जिल्ला | ४० | ३५ | ८७.५० |

(स्रोत : सर्वोच्च अदालत, २०७९)

**३. न्यायपालिका र कार्यपालिकाबीचको असमाञ्जस्य**

शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सिद्धान्तअनुसार नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको छ। यो वर्ष न्यायपालिका र कार्यपालिकाबीचमा केही असमञ्जस्य रह्यो। परिणामस्वरूप कानुन कार्यान्वयनमा समानता वा विधिको शासनको सिद्धान्तमा अवरोधसमेत पर्न गयो। तर, सर्वोच्च अदालतले २०८० जेठ २२ गते टिकापुर घटनामा दोषी ठहर भएका रेशम चौधरीलाई कैद छुट गरी माफीमिनाह दिएको प्रकरणमा सरकारका नाममा कारण देखाऊ आदेश गर्‍यो। कैलालीको टीकापुरमा भएको हत्याकाण्डमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट दोषी ठहर भएका चौधरीलाई सरकारको सिफारिसमा राष्ट्रपतिले गणतन्त्र दिवसको अवसरमा कैद छुट गर्दै माफी दिएका थिए।

नेपालगञ्जका चेतन मानन्धरको हत्या अभियोगमा जन्मकैदको सजाय पाएका योगराज ढकाल (रिगल) लाई संविधान दिवसको अवसरमा कैद छुट गरी बाँकी सजाय माफी दिने राष्ट्रपति रामचन्द्र पौडेलको निर्णय बदर गर्दै तत्काल गिरफ्तार गरेर थुनामा राख्न सर्वोच्चले २०८० जेठ १६ गते आदेश दिएको थियो। परमादेशमा, जन्मकैदको सजाय पाएका योगराज ढकाल (रिगल) को बाँकी कैद मिनाहा संविधान र कानुन विपरीत भएको उल्लेख गरिएको थियो। त्यस्तै सर्वोच्चले फैसलामा अबदेखि सरकारले कैदीलाई कैद छुट दिने वा मिनाहा गर्ने निर्णय गर्दा कानुनले तोकेको प्रतिशतका अतिरिक्त पीडितको सहमति अनिवार्य लिनुपर्ने उल्लेख गरेको छ। व्यक्ति हत्यामा संलग्न भएको पर्याप्त प्रमाण र जेल सजाय पाएका व्यक्तिलाई राजनीतिक स्वार्थका लागि जेलमुक्त गरिएको अवस्थामा अदालतको यो फैसलाले जथाभावी आममाफी दिने सरकारको रबैयालाई प्रश्न उठाउँदै आगामी दिनमा यस्ता कार्यप्रति उद्यत नहुन सरकारलाई सचेत गराएको छ। गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई राजनीतिक स्वार्थको लागि आममाफी दिनु नहुने कुराप्रति अदालतले सरकार र राजनीतिक दलका नेतृत्वको ध्यानाकर्षण गराएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८० जेठ ३० मा भएको निर्णय कार्यान्वयनका क्रममा मुद्दा फिर्ता लिने आदेशका लागि काठमाडौँ जिल्ला अदालतमा पेश भएकोमा मुद्दा फिर्ता लिनु पर्नाको उचित र मुनासिब आधार कारण उल्लेख गरेको नदेखिएको साथै मुद्दा फिर्ता सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित न्यायिक मान्यताहरू स्मरण गर्दै जिल्ला अदालतमा विचाराधीन मुद्दा फिर्तासम्बन्धी कारबाही अन्तिम टुङ्गो नलागेसम्म अगाडि नबढाउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालतले २०८० साल असार ७ गते अन्तरिम आदेश जारी गर्‍यो (सर्वोच्च अदालत, २०८०)।

सरकारको स्वेच्छाचारिता र पक्षधरताका आधारमा गरिने निर्णयलाई रोक्न सर्वोच्च अदालतले २०८० पुस १३ गते उत्प्रेषणको आदेश दिँदै जनयुद्ध दिवसमा सार्वजनिक बिदा दिने नेपाल सरकारको २०७९ माघ २९ गतेको निर्णय र यस वर्षसमेत फागुन १ गते सोही बिदा दिने भन्ने निर्णय तथा नेपाल राजपत्र भाग ५ खण्ड ७२ सङ्ख्या ६५, २०७९ चैत २ मा प्रकाशित सूचना एवम् सो सन्दर्भमा विभिन्न प्रदेश सरकारबाट भएमा निर्णय र सूचनाहरूसमेत बदर गर्‍यो। आदेशमा शान्ति प्रक्रिया तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय टुङ्गो लागिनसकेको, संविधानको प्रस्तावना, मर्म र भावना विपरीत सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था, संसदद्वारा सुविचारित तवरबाट छलफल र निर्णय नगरी सङ्क्रमणकालीन न्यायको कार्यमा संलग्न संस्थाका कार्यहरूमा समेत प्रभाव गर्ने गरी कार्य गर्नु बाञ्छनीय नहुने कुरा उल्लेख छ (पूर्ववत्)।

नागरिकताको आधिकारिकताको मुद्दा टुङ्गो लागिनसकेका व्यक्ति रवि लामिछानेलाई गृहमन्त्री पदमा नियुक्त गरियो। प्रतिनिधि सभा निर्वाचन २०७९ मा चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित रवि लामिछानेको नागरिकताको आधिकारिकताका बारेमा परेको रिटमा २०७९ माघ १३ सुनुवाइ गर्दै सर्वोच्च अदालतले उनले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत नेपाली नागरिकता पुन: कायम गर्ने प्रक्रिया पूरा गरेको नदेखिएको भन्दै उनको प्रतिनिधि सभा सदस्य पद नेपालको संविधान अनुसार उत्प्रेषणको आदेशले बदर गऱ्यो (सर्वोच्च अदालत २०७९)। यो फैसलाले 'कानुनको अनभिज्ञता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई पुन:पुष्टि गऱ्यो। रवि लामिछानेको नागरिकता विवाद निर्वाचन अगाडि नै निरूपण भएको भए चितवन जिल्ला क्षेत्र नम्बर २ मा पुन: निर्वाचन गर्नुपर्दैनथ्यो।

### ४. न्यायपालिका र विधायिकाबीचको तनाव

यो वर्ष न्यायपालिका र विधयिकाबीच केही तनाव देखियो। सांसद विकास कोषका नामले परिचित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगायो। सर्वोच्च अदालतको संवैधानिक इजलासले चालू आर्थिक वर्षमा सङ्घीय र प्रदेश सरकारले छुट्याएको सङ्घीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम लागू नगर्न अन्तरिम आदेश दिएको हो। सर्वोच्चका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको संवैधानिक इजलासले मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यक्रम लागु नगर्न आदेश दियो।

सर्वोच्चको आदेशमा भनिएको छ, 'संविधानको शब्द, भाव र मर्म समेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० का रूपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू/नगराउनू।' आर्थिक वर्ष २०८०/८१ को बजेटमा सङ्घीय सरकारतर्फ प्रत्येक सांसदका लागि पाँच करोड रुपियाँ विनियोजन गरिएको छ। त्यस्तै, सातै प्रदेश सरकारले पनि तीनदेखि पाँच करोडसम्म विनियोजन गरेका छन् (सर्वोच्च अदालत, २०८०)

कोशी प्रदेश सभाका सभामुख बाबुराम गौतमले सरकार गठन गर्न हस्ताक्षर गर्नु संविधान विपरित भएको भन्दै सर्वोच्च अदालतले २०८० साउन ११ गते उत्प्रेषणको आदेशले बदर गरी सात दिनभित्र मुख्यमन्त्री नियुक्त गर्न आदेश दियो (पूर्ववत्)। सर्वोच्च अदालतको यो आदेश नेपालको संविधानले प्रदेश सभाका सभामुखलाई दिएको अधिकारभन्दा बाहिर गएर मत जाहेर गर्ने कुरालाई नियन्त्रण गऱ्यो। यो आदेशको दीर्घकालीन प्रभाव नेपालको संविधानको कार्यान्वयनमा पर्नेछ।

### ५. प्रधानन्यायाधीश, नियुक्ति प्रकृया र न्यायालयप्रतिको जनआस्थाको अवस्था

कायममुकायम प्रधानन्यायाधीशबाट सञ्चालित भइरहेको सर्वोच्च अदालतले यो वर्ष दुईजना प्रधानन्यायाधीश पायो। कायममुकायम प्रधानन्यायाधीशको भूमिकामा रहेका हरिकृष्ण कार्कीलाई संवैधानिक परिषद्ले २०८० असार १ गते मुलुकको ३० औं प्रधानन्यायाधीशमा नियुक्त गऱ्यो। करिब दुई महिना प्रधानन्यायाधीश भएको कार्कीको अवकाशपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई २०८० भदौ ५ गते नेपालको ३१ औं प्रधानन्याधीश नियुक्त गरियो। कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रकृयालाई संसदीय सुनुवाइ भन्ने गरिन्छ (राष्ट्रिय सभा, २०८०)।

यस वर्ष रिक्त रहेका ३८ जिल्ला न्यायाधीश नियुक्तिका लागि लोक सेवा आयोगले साउन १६ देखि २० गतेसम्म परीक्षा लिएकोमा एकजनामात्र उत्तीर्ण भए। परीक्षामा २ सय ११ जनाले भाग लिएका थिए। न्याय परिषद्को ०८० असोज २ गतेको बैठकले न्याय सेवाका कर्मचारीमध्येबाट २८ जना न्यायाधीशलाई नियुक्तिका लागि सिफारिस गऱ्यो। यसरी सिफारिस भएकामध्ये १५ जना लोक सेवाले दिएको परीक्षामा अनुत्तीर्ण थिए। संविधानमा जिल्ला न्यायाधीशको रिक्तमध्ये ८० प्रतिशत पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने उल्लेख छ। (कानुन आयोग, २०७२) यसपटक

न्याय सेवा आयोगको अनुरोधमा लोक सेवा आयोगले आन्तरिक खुलामा १५, खुलामा सात, महिलामा दुई, आदिवासी जनजातिमा दुई, मधेशीमा दुई र दलितमा एक गरी कुल २९ जना जिल्ला न्यायाधीशका लागि परीक्षा लिएको थियो। तर, नियुक्ति गर्दा संविधानले नै सुनिश्चित गरेको समावेशिताको सिद्धान्त अपनाइएको पाइएन। नियुक्ति भएकामध्ये दुई जना मात्रै महिला थिए। ७५ प्रतिशत ब्राम्हण क्षेत्री पुरुष थिए।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि सङ्घीय कानून बमोजिम संसदीय सुनुवाइ हुने छ भन्ने व्यवस्था गरिएको छ। संविधानको यही व्यवस्था अनुसार प्रस्तावित प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठद्वारा भदौ ४ गतेको संसदीय सुनुवाइ समितिको बैठकमा आफ्नो योजना लिखित रूपमा पेश गरियो। पेश गरिएको कार्ययोजनामा भनिएको छ, 'नेपालको संविधानले न्यायपालिका सम्बन्धमा गरेको व्यवस्था, यसलाई प्रदान गरेको जिम्मेवारी र अपेक्षित भूमिकाको आलोकमा न्यायपालिकाको सुधारसम्बन्धी मेरो भावी कार्यदिशा र कार्ययोजना तय हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ (नेपाल प्रेस, २०८०)।'

मुद्दाका असमर्थ पक्षहरूले अनुरोध गरेमा वा इजलासलाई लागेमा नि:शुल्क कानुनी सहायता उपलब्ध गराउन सर्वोच्च अदालतमा दुई जना, सबै उच्च र जिल्ला अदालतहरूमा एकएकजना वैतनिक कानुन व्यवसायी नियुक्ति गरिएको छ (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७८/०७९ अनुसार सर्वोच्च अदालतमा ८ सय ५८ जना, उच्च अदालतहरूबाट ६ हजार २ सय ७८ जना र जिल्ला अदालतहरूबाट २३ हजार ९ सय १९ जना गरी जम्मा ४० हजार ५५ जनाले वैतनिक वकिल मार्फत सेवा प्राप्त गरे।

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गतिको नियन्त्रणका सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनहरूसमेत अध्ययन गरी विकृति, विसङ्गति, अनियमितता तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि कानुनी, संरचनागतलगायत उपयुक्त र प्रभावकारी उपायहरू सिफारिस गर्न गठित अध्ययन समितिले सिफारिस गरेको सुझाबसमेतका आधारमा २०८० भदौ ११ गतेदेखि स्वचालित पेशीको व्यवस्था गरिएको छ। यस स्वचालित पेशी व्यवस्थापन पद्धतिले न्यायाधीश र झगडियाहरूको स्वार्थमा पेशी तोक्ने प्रचलनको अन्त्य भएको छ।

### ६. बालन्याय प्रणाली

बाल अनुकूलको न्याय प्रत्याभूतिका लागि बाल अदालत गठन नहुन्जेलसम्म जिल्ला न्यायाधीश, बाल मनोविमर्शकर्ता, समाजसेवी संलग्न रहेको बाल इजलास गठन हुने व्यवस्थाअनुसार ७७ ओटै जिल्लाका अदालतहरूमा बाल इजलासको स्थापना भएको र बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर बाल न्याय प्रणाली सञ्चालन गरिएको छ (पूर्ववत्)। तथापि, बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न हालसम्म छुट्टै बाल अदालतको स्थापना भएको छैन। बालबालिकाको उमेर १८ वर्ष कायम भएपछि बालबालिकाका पक्ष भएका मुद्दाहरूको सङ्ख्या उल्लेख्य मात्रामा बढेको छ। नेपालभर जम्मा आठ ओटा बालसुधार गृहहरू सञ्चालनमा रहेको र तिनीहरूको भौगोलिक अवस्थितिलाई हेर्दा न्यायिक प्रकृयामा सहज पहुँच र सहभागी हुनसक्ने अवस्था छैन। बाल सुधार गृहहरूमा क्षमताभन्दा बढी बालबालिकाहरू राख्नुपर्ने अवस्था रहेको छ (पूर्ववत्) भन्ने सर्वोच्च अदालतको स्विकारोक्तिले मुलुकमा बाल न्याय प्रभावकारी नरहेको देखिन्छ (हेर्नुहोस् मानव अधिकार वर्षपुस्तक २०२४ को कार्यपालिका आलेख)।

### ७. पारिवारिक इजलासको स्थापना

काठमाडौँ जिल्ला अदालतमा २०८० असोज २२ गतेदेखि पारिवारिक इजलास स्थापना भयो। महिलासँग सम्बन्धित मुद्दा मात्रै द्रुत सुनुवाइका लागि पारिवारिक इजलास गठन भएको थियो (शिल्पा, २०८०)। महिलावादी भएका मुद्दालाई प्राथमिकता दिँदै छिटोछरितो न्याय सम्पादनका लागि अलग्गै इजलास स्थापना गर्ने र यसबाट पीडित महिलाले न्यायका लागि वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्ने उद्देश्य रहेको छ।

### ८. न्यायालयको कार्यसम्पादन

कार्यसम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दाहरूको समयमै फैसला भएको सङ्ख्या हो। गत आर्थिक वर्ष (०७८/०७९) को वार्षिक प्रतिवेदनहरूको आधारमा सर्वोच्च अदालत, सात उच्च अदालतहरू र

जिल्ला अदालतहरूको कार्य सम्पादनको मूल्याङ्कन गर्दा (सर्वोच्च अदालत, २०७९) देखिएको छ।

सर्वोच्च अदालतले सबैभन्दा कम मुद्दाहरूको किनारा लगाएको देखिन्छ। उक्त प्रतिवेदन अनुसार सर्वोच्च अदालतले आफ्नो दायित्वमा रहेको ३८ हजार ७ सय ३० मुद्दाहरूमध्ये ८ हजार ९७ अर्थात २०.९० प्रतिशतमात्र फैसला गरेको देखिन्छ (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतमा दुईदेखि पाँच वर्षसम्मका १२ हजार ५ सय ६९ मुद्दाहरू र पाँच वर्ष नाघेका ४ हजार ८ सय ५८ मुद्दाहरू रहेको देखिन्छ (सर्वोच्च अदालत, २०७९)।

**तालिका ३.१.२ सर्वोच्च अदालतको दायित्वमा रहेका मुद्दाहरूको अवस्था**

| | फैसला भएका | फैसला भएको प्रतिशत | फैसला हुन बाँकी | | |
|---|---|---|---|---|---|
| | | | २ वर्षसम्म | २ देखि ५ वर्षसम्म | ५ वर्षभन्दा माथि |
| ३८,७३० | ८०९६ | २०.९० | ४,८९७ | १२,५६९ | ४८५८ |

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

सात उच्च अदालतमा ६८ हजार ४ सय ४९ जिम्मेवारी रहेकोमा ४१ हजार ४ सय ५१ अर्थात ६०.५६ प्रतिशत मुद्दा फैसला भए (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतको तुलनामा उच्च अदालतले बढी मुद्दा फैसला गरेको देखिन्छ। प्रतिवेदन अनुसार उच्च अदालतहरूमा दुई वर्षभित्रका ४ हजार २ सय ९२ मुद्दाहरू र दुई वर्ष नाघेका १ हजार ८ सय ९ मुद्दाहरू रहेका छन् (पूर्ववत्)।

**तालिका ३.१.३ उच्च अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था**

| | फैसला भएका | फैसला भएको प्रतिशत | फैसला हुन बाँकी | |
|---|---|---|---|---|
| | | | दुई वर्ष भित्रका | दुई वर्षभन्दा माथिका |
| ६८,४४९ | ४१,४५१ | ६०.५६ | ४,२९२ | १,८०९ |

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

जिल्ला अदालतले आफ्नो जिम्मेवारीमा रहेको २ लाख ९३ हजार १ सय ७ मुद्दामध्ये १ लाख, ८५ हजार ९ सय ७७ अर्थात ६३.४५ प्रतिशत फैसला गरेको थियो (सर्वोच्च अदालत, २०७९)। जिल्ला अदालतहरूमा दुई वर्षभित्र २० हजार ५ सय ७९ र दुई वर्ष नाघेका ११ हजार ७ सय ४२ मुद्दाहरू छन् (पूर्ववत्)।

**तालिका ३.१.४ जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था**

| दायित्वमा रहेका मुद्दाहरू | फैसला भएका | फैसला भएको प्रतिशत | फैसला हुन बाँकी | |
|---|---|---|---|---|
| | | | दुई वर्ष भित्रका | दुई वर्षभन्दा माथिका |
| २,९३,१०७ | १,८५,९७७ | ६३.४५ | २०,५९७ | ११,७४२ |

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूका दायित्वमा रहेका मुद्दाहरू ४ लाख २ सय ८६ मुद्दामध्ये २ लाख ३५ हजार ५ सय २४ अर्थात ५८.८४ प्रतिशत फैसला गरेको छ। सबै अदालतमा दुई वर्षसम्मका फैसला हुन बाँकी २९ हजार ७ सय ६८ र दुई वर्ष नाघेका ३० हजार, ९ सय ७८ मुद्दाहरू रहेका छन् (पूर्ववत्)।

**तालिका ३.१.५ सर्वोच्च, उच्च र जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहको अवस्था**

| दायित्वमा रहेका मुद्दाहरू | फैसला भएका | फैसला भएको प्रतिशत | फैसला हुन बाँकी | |
|---|---|---|---|---|
| | | | दुई वर्ष भित्रका | दुई वर्षभन्दा माथिका |
| ४,००,२८६ | २,३५,५२५ | ५८.८४ | २९,७६८ | ३०,९७८ |

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

### ९. संवैधानिक मुद्दा तथा रिट

नेपालको संविधानले संविधानसम्बन्धी मुद्दा तथा रिटको सुनुवाइ सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सम्पन्न गराउनुपर्ने व्यवस्था गरेको छ। संविधानसम्बन्धी मुद्दा तथा रिटहरू उच्च प्राथमिकतामा नपर्ने गरेकोले सर्वोच्च अदालतको संवैधानिक इजलास (सर्वोच्च अदालतको नियमावली, २०७४) नियमितरूपमा बस्न नसकेको अवस्था रह्यो। आर्थिक वर्ष २०७८/०७९ मा ४३६ संवैधानिक मुद्दा तथा रिट सर्वोच्च अदालमा दायर भएको मा जम्मा १ सय २१ (२७.७५ प्रतिशत) मात्र सुनुवाइ भयो (सर्वोच्च अदालत, २०७९)।

### १०. फैसलाको पूर्णपाठसम्बन्धी व्यवस्था र फैसला लेखन तथा तयारीको अवस्था

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१ अनुसार न्यायाधीशहरूको राय कायम भई निर्णय सुनाइसकेपछि सम्बन्धित न्यायाधीशले सो निर्णय सुनाएको मितिले सामान्यतया २१ दिनभित्र सो अनुरूपको पूर्णपाठ तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी, मुलुकी देवानी कार्यविधि संहिताको दफा १९८ र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३१ को उपदफा ६ अनुसार फैसला भएको २१ दिनभित्र फैसलाको पूर्णपाठ तयार गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी हरेक फैसलाहरू २१ दिनभित्र पूर्णपाठ तयार पारिसक्नुपर्ने व्यवस्था भएपनि प्राय: फैसलाका पूर्ण पाठ ढिला तयार हुने गरेको पाइन्छ भने नेपाल कानुन पत्रिका पनि समयमा नै तयार भएको पाईंदैन।

सर्वोच्च अदालतले आर्थिक वर्ष ०७८/०७९ मा ४ हजार २ सय ९१ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा २ हजार ७ सय ९५ अर्थात् ६५ प्रतिशत तयार भएको छ। त्यसैगरी, सात उच्च अदालतहरूले ४१ हजार ७ सय २ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा ३८ हजार ५ सय ९३ अर्थात ९२.५४ प्रतिशत फैसलाको पूर्णपाठ तयार पारेका छन्। यो अवधिमा जिल्ला अदालतहरूले १ लाख ४ हजार ४ सय ७२ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा १ लाख ७ सय ३५ अर्थात् ९६.४२ प्रतिशतको मात्रै पूर्ण पाठ तयार भएको छ। यो तथ्यबाट के देखिन्छ भने फैसला लेखन कार्यमा जिल्ला अदालतहरू सबैभन्दा अगाडि र उच्च अदालतहरू दोस्रो र सर्वोच्च अदालत पछाडि देखिन्छ (पूर्ववत्)।

**तालिका ३.१.६ सर्वोच्च, उच्च र जिल्ला अदालतमा फैसला लेखनको अवस्था**

| अदालत | फैसला लेखन गनुपर्ने | लेखिएको | लेखिएको प्रतिशत | बाँकी |
|---|---|---|---|---|
| सर्वोच्च | ४,२९१ | २,७९५ | ६५ | १,४९६ |
| उच्च | ४१,७०२ | ३८,५९३ | ९२.५४ | ३,१०९ |
| जिल्ला | १,०४,४७२ | १,००,७३५ | ९६.४२ | ३,७३७ |

*(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)*

नेपालको संविधान धारा १२६ ले मुद्दा मामिलामा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। अदालतका आदेश वा निर्णयको पालना हुनु कानुनको शासनसम्बन्धी अवधारणाको आधारभूत मान्यता हो। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ र न्यायपालिकाप्रतिको आस्था एवम् विश्वासमा आँच पुग्न सक्दछ। तथापि, अदालतबाट जारी भएका कतिपय आदेश वा फैसलाहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन् (पूर्ववत्)। आर्थिक वर्ष ०७८/०८९ मा कैद असुलीतर्फ १ लाख ५६ हजार ७ सय ७७ वर्ष १ महिना १५ दिन कायम भएको लगतमध्ये ४९ हजार ६ सय ८ वर्ष ६ महिला १८ दिन असुल भई १ लाख ७ हजार १ सय ६८ वर्ष ६ महिना २७ दिन बाँकी रहेको छ। सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका २ सय १४ थान मुद्दा फैसला भएकोमा ५९ थानमात्र कार्यान्वयन भई १ सय ५५ थान कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ (पूर्ववत्)।

**तालिका ३.१.७ फैसला कार्यान्वयनको अवस्था**

| आर्थिक वर्ष ०७८/०७९ | | | |
|---|---|---|---|
| **जरिबाना र क्षतिपूर्ति** | **असुल उपर हुनुपर्ने रुपियाँ** | **असुल भएको रुपियाँ** | **असुल हुन बाँकी रुपियाँ** |
| कायम भएको जरिबाना | २० अर्ब ३ करोड १८ लाख ७३ हजार ५ सय २३ रुपियाँ | २ अर्ब २८ करोड ३७ लाख ४३ हजार ९ सय ८८ | १७ अब ७४ करोड ८१ लाख २९ हजार ५ सय ३५ |
| अदालतबाट भरी पाउने क्षतिपूर्ति | ५६ करोड ४५ लाख ५९ हजार ५ सय ८४ | ५ करोड ३५ लाख, ९ हजार २ सय २६ | ५१ करोड १० लाख ५० हजार ३ सय ५८ |
| पीडित पक्षलाई अन्तरिम क्षतिपूर्ति भराइ ठहरेको | १ करोड १४ लाख ७६ हजार ९ सय ३४ | ६ लाख ४ हजार ५ सय ८० | १ करोड ८ लाख ७२ हजार ३ सय ५४ |

(स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/०७९)

## ११. निष्कर्ष

यसवर्ष गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिलाई राजनीतिक स्वार्थका लागि कैद छुट, कैद मिनाहा दिनु नहुने कुराप्रति अदालतले सरकार र राजनीतिक दलहरूका नेतृत्वको गम्भीर ध्यानाकर्षण गरायो। स्वचालित पेशी प्रणाली, आमाको नाममा नागरिकता, लैङ्गिक तथा अल्पसङ्ख्यकहरूको अस्थायी विवाह दर्ताको आदेश, सांसद विकास कोषको खारेजीजस्ता फैसला, आदेश तथा परमादेशहरूले न्यायालयको साख उच्च राख्न मद्दत पु¥याए। यस वर्ष पनि अदालतका दायित्वमा रहेका धेरै मुद्दाहरूको छिनोफानो लाग्न सकेन। दर्ता भएकामध्ये ३३.५५ प्रतिशत मुद्दा अझै किनारा लाग्न बाँकी रहे। फैसला कार्यान्वयनको अवस्था निराशाजनक रह्यो। अदालतहरूमा मुद्दाको चाप अनुसार न्यायाधीश नियुक्ति हुनुपर्ने माग लामो समयदेखि उठे पनि यसतर्फ खासै पहल भएको देखिएन। वर्षको अन्त्यतिरमात्रै रिक्त रहेका न्यायाधीशहरू नियुक्ति भयो। अदालतका फैसलाको कार्यान्वयनमा उदासिनता यो वर्ष पनि कायम रह्यो।

## १२. सुझाव

- न्यायपालिका मौलिक हक तथा मानव अधिकारको रक्षा गर्ने अन्तिम धरोहर भएकाले यस संस्थाले नागरिकको विश्वास र आस्था कायम राख्नुपर्छ।
- न्यायिक सक्रियता बढाउन र संवैधानिक व्यवस्थाको उदार व्याख्या गर्नुपर्छ।
- स्वतन्त्रता सङ्कुचित भई बन्दी जीवन बिताइरहेका बन्दीहरूको मुद्दामा तत्काल सम्बोधन गर्न अदालती कारबाही चुस्त बनाउनुपर्छ।
- रिटमार्फत खोजिएका उपचारले एउटा व्यक्तिको मात्र नभएर सिङ्गो समूहको सरोकार सम्बोधन गर्न सक्ने हुँदा त्यस्ता रिट उपचारमा जारी गरिएका रिट आदेश तथा निर्देशनात्मक आदेश पालना भए/नभएको सम्बन्धमा अदालतले सरकारसँग नियमितरूपमा संवाद चलाउनुपर्छ। अदालतका विकृति अन्त्यका लागि गठित समितिले औंल्याएका विकृति अन्त्यका लागि पहल गर्ने।
- मुद्दाको चाप अनुसार न्यायाधीशको नियुक्ति गर्नुपर्छ।

## सन्दर्भ सामग्री


अनलाइन खबर (२०८० असार १३) *समलिङ्गी विवाह दर्ता गर्न सरकारलाई सर्वोच्चको अन्तरिम आदेश,* अनलाइन खबर । https://www.onlinekhabar.com/2023/06/1329017

नाइट, कायल (२०८० मङ्सिर २१), *नेपालमा पहिलो पटक समलिङ्गी विवाह दर्ता,* Human Rights Watch. https://www.hrw.org/ne/news/2023/12/07/nepal-registers-same-sex-marriage-first

इन्सेक (२०७७), *रुकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोती घटनाका सम्बन्धमा तयार पारिएको प्रारम्भिक स्थलगत अनुगमन प्रतिवेदन,* इन्सेक। https://inseconline.org/np/wp-content/uploads/2020/11/Rukum-Pashchim-Fact-finding-Report.pdf

कर्ण शिल्पा (२०८० असोज २३) *नेपालमा पहिलोपटक पारिवारिक इजलास,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/126148/2023-10-10

काफ्ले, नारायण (२०८० पुस २६) *सन्दीपलाई आठ वर्ष कैद,* गोरखापत्र।

गोरखापत्र (२०७९ फागुन २१) *द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत,* गोरखापत्र। https://www.gorkhapatraonline.com/news/56458

राजधानी (२०७९ फागुन २१) *द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत,* राजधानी। *RajdhaniDaily.com*. https://rajdhanidaily.com/id/77698/

राष्ट्रिय सभा, (२०८०) *संसदीय सुनुवाइ समिति, २०८०,* राष्ट्रिय सभा, नेपाल। https://na.parliament.gov.np/np/committees/Parliamentary-Hearing-Committee-2080

नेपाल प्रेस (२०८० भदौ ४), *प्रस्तावित प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठको संसदीय सुनुवाइ, यस्तो छ न्यायपालिका सुधार योजना (पूर्णपाठ),* नेपाल प्रेस। https://www.nepalpress.com/2023/08/21/364884/

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ४९, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ५०, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८६, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. घ, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. घ, *सर्वोच्च अदालत।*
यौनिक तथा अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण (२०२३), *नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३*, इन्सेक।
सर्वोच्च अदालतको नियमावली, २०७४ (२०७४) दफा २१ को उपदफा १ (क), *नेपाल कानुन आयोग।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ६४, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत* ऐ ऐ।
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०८०), गणेशबहादुर ओलीसमेत विरुद्ध संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मुद्दाःउत्प्रेषण/परमादेश ०८०–WO–०४००२।
सर्वोच्च अदालत (२०८०), इन्सेक संयोजक अधिवक्ता सोमराज थापा समेत वि.। गृह मन्त्रालय सिंहदरबार काठमाडौँ समेत, मुद्दाः परमादेश, ०७९-WO-०५३६।
सर्वोच्च अदालत (२०८०), त्रिलोकबहादुर चन्दविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, मुद्दाः उत्प्रेषण, ०८०-WO-०४४१।
सर्वोच्च अदालत (२०८०), विनोदप्रसाद शाह विरुद्ध मदन मोहन शाह भन्ने मदन मोशन व्याहुत समेत, मुद्दाः बेरितको आदेश बदर, ०८०-RE-०१३१।
सर्वोच्च अदालत (२०७९), परिवर्तिक नाम (कालिन्चोक १२०) विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, दोलखासमेत मुद्दाः बन्दिप्रत्यक्षिकरण/ ०७९–WF–०००५।
सर्वोच्च अदालत (२०८०), अवधलाल शाहविरुद्ध प्रहरी प्रधान कार्यालयसमेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण, ०७९-WH-०२१८।
सर्वोच्च अदालत (२०७९), ध्रुवकुमार विश्वकर्माविरुद्ध कान्ति बाल अस्पताल, महाराजगञ्ज, मुद्दाः क्षतिपूर्ति, ०७८–CI–०७०३।
सर्वोच्च अदालत (२०८०), प्रकाश बाबु ऐडी समेतविरुद्ध मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेत समेत मुद्दाः उत्प्रेषणयुक्त परमादेश, ०७९-WO-००५१।
सर्वोच्च अदालत (२०८०), उपभोक्ता हित संरक्षण मञ्चका अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनामेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ०७५-WO-१३७२।
सर्वोच्च अदालत (२०८०), कृष्टिना महर्जनसमेत विरुद्ध गृह मन्त्रालय, सिंहदरबार काठमाडौँसमेत मुद्दाः उत्प्रेषणयुक्त परमादेश ०७८–WO–०८५३।
सर्वोच्च अदालत (२०८०), करन के.सीविरुद्ध गृह मन्त्रालय, सिंहदरबारसमेत, मुद्दाः परमादेश, ०८०-WO-०५५३।
सर्वोच्च अदालत (२०७९), मनौवर हसनसमेत विरुद्ध. नेपाल सरकार, मुद्दाः बहुविवाह, ०७१–CR–०७६३, ०७१–CR–०९४८।
सर्वोच्च अदालत (२०८०), परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) विरुद्ध पल शाह भन्ने पूर्ण विक्रम शाह, मुद्दाः दोहोर्‍याई पाउँ , ०८०–RI–०१००।
सर्वोच्च अदालत (२०८०), प्रेमबहादुर चलाउनेविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, मुद्दाः उत्प्रेषणसमेत, ०७९-WO-१४२५।
सर्वोच्च अदालत (२०८०), ज्ञानेन्द्रराज आरण समेतविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दाः उत्प्रेषण, ०७९-WO-१०८२।
सर्वोच्च अदालत (२०७९), अधिवक्ता रविराज बसौलासमेत विरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टीसमेत, मुद्दा : उत्प्रेषण परमादेश, ०७९-WC- ००३६।
सर्वोच्च अदालत (२०८०), त्रिलोकबहादुर चन्दसमेत विरुद्ध सङ्घीय संसद सचिवालय, मुद्दाः उत्प्रेषण, ०८०-WC-०००२।
सर्वोच्च अदालत (२०८०), हिक्मतकुमार कार्कीविरुद्ध उद्धब थापासमेत, मुद्दाः उत्प्रेषण परमादेश, ०८०-WF-०००१।